कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY साप्ताहिक

वर्ष ४ अंक ३१ (संयुक्तांक १८५) ने. सं. ११३५ चिल्लाथ्व चर्तुदशी बुधवाः २०७१ फागुन २० गते बुधवार (Mar-4, 2015) पृष्ठ ८ मूल्य रु.५/-

## १६ गते प्रदर्शनपछि के राजनीतिमा नयाँ कोर्ष सुरु

# 'कहिले सम्म राजनीति स्थिर'

**कीर्तिपर सन्देश साप्ताहिक/**

फागुन १६ गते एकीकृत माओवादी, मधेसवादी दलहरु, संघीय समाजवादी लगायत ३० दलीय गठबन्धनले राजधानीमा लाखौं जनताको शक्ति प्रदर्शन गरेपछि नेपालको राजनीतिमा नयाँ मोड लिएको छ । राजनीतिमा नयाँ मोड लिएकोलाई राजनीतिक रुपमा नयाँ कोर्ष सुरु भएको भन्न सकिन्छ । सो शक्ति प्रदर्शनलाई सत्तापक्ष राजनीतिक दल कांग्रेस, एमाले र राप्रपाले अर्थपूर्ण रुपमा लिएको छ । सत्तापक्ष दलका नेताहरुले सोचेको भन्दा बढि जनता सडकमा ल्याएका कारण अव के गर्ने भन्ने विषयमा कांग्रेस र एमालेका नेताहरुलाई अपठ्यारो परेको हो ।

पहिचान सहितको संघीयतालाई अस्वीकार गरेर जाने अवस्थामा देश अप्ठ्यारोमा पर्ने विश्लेषण गरि सत्तारुढ दलका नेताहरुले खासै रुपमा एक मत भई अव संविधान निर्माणको वाटो के हुने हो भन्न सकिरहेको अवस्था छैन । उता विपक्षी दलहरुको ३० दलीय गठबन्धनले होली पुर्णीमा सम्म वार्ताको वातावरण तयार गर्नका लागि सत्तापक्षलाई पर्खने र त्यसपछि दोस्रो चरणको क्रियात्मक आन्दोलनको रुपमा प्रदेश बन्ददेखि प्रदेशमा पहिचान विरोधीहरुलाई बहिस्कार गर्ने सम्मको कार्यक्रम ल्याउने तयारी गरिरहेको अवस्था छ ।

सत्तापक्षले आफ्नो नयाँ धारणा तयार गर्न नसक्नु, विपक्षीले होली पूर्णिमा सम्म पर्खनु यो अवस्थालाई नेपालको राजनीति स्थिर अवस्थामा रहेको विश्लेषण गर्न थालेका छन् ।

कुनै नयाँ कुरा पनि ल्याउन नसक्नु र पुरानोमा नै जान्छु भनी कसैले भन्न सकिरहेको अवस्था छैन । त्यसैले यो नयाँ राजनीतिक कोर्ष सुरु भएको तर नौलो ढंगवाट जान नसकिरहेको वर्तमान स्थिर अवस्था होली पुर्णिमा सम्म हुन सक्ने अवस्था छ । त्यो समय सम्म प्रमुख राजनीतिक दलहरु र विपक्षी मोर्चाहरुमा आ आफ्नै किसिमले छलफल हुने र तयारी गर्ने मात्र हुने स्थिति छ । होली पुर्णिमा पछि राजनीतिक दलहरुवीच वार्ता सम्वाद वा संविधानसभाको बैठक सुरु हुने संभावना छ । सो समयमा मात्र नेपालको राजनीति कतातिर जाने हो भन्न सकिने अवस्था छ ।

## किन वार्ता हुन नसकेको हो ?

अहिलेको अवस्थामा सत्तापक्ष र विपक्षी वीचको वार्ता के भयो भने हुन्छ भन्ने विषय सबैको चासो भएको छ । वास्तवमा विपक्षी ३० दलीय गठबन्धनले प्रश्नावली समिति खारेज गरि १२ बुँदे सहमति, विस्तृत शान्ति सम्झौता, मधेस विद्रोह, जनजाति आन्दोलनलाई सम्वोधन गरि बनाइएको अन्तरिम संविधानको भावना अनुसार सहमतिमा संविधान बनाउने भनी सत्तापक्ष सहमति भए वार्ता गर्न तयार हुने बताइरहेको अवस्था छ । तर सत्तारुढ दलहरु त्यो भन्न सकिने अवस्थामा छैन र संविधनसभाको दुई तिहाई बहुमतकै आधारमा संविधान जारी गर्ने पक्षमा रहेको छ । त्यसैले सत्तापक्ष र विपक्षी वीच त्यति सजिलै वार्ता हुन्छ भन्न सकिने अवस्था छैन ।

## एमालेलाई अप्ठ्यारो

एमाले कांग्रेसको एजेण्डामा गएको कुरा राजनीतिक रुपमा बहस सुरु भएपछि एमाले नेताहरुलाई अप्ठ्यारो भएको छ । एमालेले संविधानसभाको दोश्रो निर्वाचनमा बहुपहिचानको आधारमा राज्यको पुनर्संरचना गर्ने र शासकीय स्वरुपमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको मुद्दा उठाएको थियो भने अहिले कांग्रेसले बोकेको भौगोलिक पहिचानको आधारमा राज्य पुनर्संरचना गर्ने र संसदीय व्यवस्था अनुसार नै संसदवाट प्रधानमन्त्री र राष्ट्रपति चुन्ने मुद्दामा सहमति भएका कारण कांग्रेको पछि पछि एमाले लागेको आरोप छ ।

प्रधानमन्त्री एवं कांग्रेसका अध्यक्ष सुशील कोइरालाले पार्टीको केन्द्रीय समिति बैठकमा एमाले कांग्रेसको एजेण्डामा अएका कुरा राख्नु भएको र त्यसपछि गत १६ गते खुल्लामञ्चमा भएको सभामा एकीकृत माओवादीका अध्यक्ष प्रचण्डले एमालेको लाइन नभएको कारण अव कांग्रेसमा मिले हुन्छ भनी अभिब्यक्ति दिएपछि एमालेका नेताहरुलाई अप्ठ्यारो भएको छ । यसै वीच एमालेका नेताहरुले वर्तमान सरकारवाट पछि हट्ने चेतावनी समेत दिइसकेको अवस्था छ । कांग्रेस महाधिवेशनमा लागेका कारण संविधान निर्माण कार्य ढिलो हुन सक्ने कुरा उठाउदै एमालेले त्यस्तो चेतावनी दिने सुरु गरेको हो

**कोरीया रोजगारीको लागी तयारी कक्षाहरु सञ्चालन**

समयमै तयारीमा लागौं मेहनतमा भर परौं, भ्रममा नपरौं

तपाईंको मेहनत नै १००% ग्यारेन्टि पास

**कोरीयन भाषा**

**विहान, दिउँसो र साँझ**

**विशेषताहरु :**

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा Dictation, Listening & Reading Test र हरेक दिन Class Test र विद्यार्थीहरुको प्रगति विवरण चुस्त दुरुस्त राखी आवश्यक सरसल्लाह, अतिरिक्त कक्षाहरु तथा पाठ्य ससससामग्रीहरुको राम्रो व्यवस्था गरिने ।
- Books/CDs हरुको राम्रो व्यवस्था साथै Audio/visual,Exercise and Question Books को व्यवस्था ।
- EPS-TOPIK को परीक्षालाई मध्येनजर गरी परीक्षामा विद्यार्थीहरुलाई सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Weekly Model Tests पनि लिइने ।
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपको विशेष कक्षाहरुको व्यवस्था गरिने । त्यसमा पनि कमजोर विद्यार्थीहरुले Supporting Class अनिवार्य रुपमा लिने व्यवस्था ।
- EPS-Topic, Skill Test तथा CBT को पनि कक्षाहरु धमाधम सञ्चालन ।
- प्रशिक्षकहरु दक्ष, अनुभवी पुस्तक अनुवादक साथै विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल ।
- Korea मा पढ्न जान चाहनेहरुको लागि पनि उचित परामर्श साथै Korea जान Tourist Visa को पनि उचित परामर्श र Vocational/Job को बारेमा उचित परामर्श ।

**Valley Institute Kirtipur**

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

## पेट्रोलको मूल्य घट्दा यातायात भाडा बृद्धि हुने कीर्तिपुरको यातायात

**पेट्रोलियम पदार्थका कारण हरेक सवालमा प्रत्यक्ष रुपमा नै असर परिरहेको सबैले महसुस गरेकै कुरा हो। पेट्रोलियम पदार्थको भाउ बृद्धि हुदा ढुवानीमा पनि भाडा बृद्धि हुने र त्यसैले ढुवानी गरि ल्याउनु पर्ने सामानमा समेत भाउ बृद्धि हन्छ। त्यसैले पेट्रोलियम पदार्थको भाउ घटन गयो भने सर्वसाधारणले राहतको महसुस गर्न ठाउँ पाउने स्वाभाविक नै हो।**

**जब पेट्रोलियम पदार्थको भाउ घट्छ तब सार्वजनिक यातायातको भाडा पनि घट्छ भन्ने कुरा सर्वसाधारणले बुझ्केकै कुरा हो। जब सार्वजनिक यातायातको भाडा घट्छ तब सबै सामनमा ढुवानी घट्दा अन्य सामानको मूल्य पनि घट्न जान्छ। केहि समय अघिदेखि लगातार रुपमा पेट्रोलियम पदार्थको भाउ घटेको कारण सबै जसो सार्वजनिक यातायातमा भाडा घटेको छ। तर कीर्तिपुर क्षेत्रको मिनीवस व्यवसायीले भने त्यसको ठिक उल्टो काम गरेको छ।**

**पेट्रोलियम पदार्थको भाउ घटेका कारण सार्वजनिक यातायतको पछिल्लो समयमा भाउ घट्नुपर्ने थियो तर बढन गएको छ। पेट्रोलियम पदार्थको भाउ घट्नु अघि सर्वसाधारणका लागि कीर्तिपुरदेखि रत्नपार्क सम्मको जम्मा भाडा दर १९ रुपैया थियो भने अब भने सो रुटमा एक रुपैया बृद्धि गरि २० रुपैया लिएको छ। यसरी कीर्तिपुर रत्नपार्क रुटमा चल्ने हायस गाडीको भाडा बृद्धि भएका कारण दैनिक जसो कोहि न कोही यात्रुहरु चालक र सहचालकसंग विवाद गर्दै आएको देखिन्छ। अतः यो विषयमा कीर्तिपुरको मनिवस व्यवथापन समितिले स्पष्ट पार्न जरुरी रहेको छ।**

## गजल शौरभ शाक्यया

गजल - ६
सुइतं ग्वाहालीयाना पल्सा कायेमज्यु गुबलें
मखुगु खँ ल्हाना भ्रूंगः सुइतं लायेमज्यु गुबलें ।

जिला थः मतःजुया लँ क्यनाच्वने सुइतं
भ्री देशद्रोहीया पंलिना जायेमज्यु गुबलें ।

यःत्यःजूगु खः उमि मतिनाया कालबिलय्
उमिगु मतिना खनाः सुनां फायेमज्यु गुबलें ।

सुनां छुं धायेवं धाल खँय् वनेमज्यु छत्युं
सुइतं नुगलय् स्याक छुं धायेमज्यु गुबलें ।

लःखः पालुथाय् बाः वनिगु वया स्वभाव
अथेसाँ सुइतं अन्याः अत्याः यायेमज्यु गुबलें ।

# नागरिक वडापत्रको औचित्य



इन्द्रकुमार महर्जन (हिउमी)

एक पटक जग्गाको कर तिर्न भनी कीर्तिपुर नगर पालिकामा पुगें र के के गर्नु पर्छ भनेर सोधपुछ गरें तर र म्रो तरिकाले Respose नै पाएन। सिफारिस लिन पैसा बुझाउनु पर्छ कि पर्दैन भनेर सोध्दा सित्तैमा केही पाउँछ ? भनेर उल्टो प्रश्न तेर्स्याए त्यो डेस्कमा बस्ने एक कर्मचारीले। आफू पनि लोकसेवाको परीक्षा दिएर नोकरी गरेको निजामती कर्मचारी र म कहाँ आउने कोही पनि सेवाग्राहीलाई कहिले पनि यस्तो व्यवहार गरें जस्तो लागेन तैपनि सेवाग्राहीले समेत केही मिनेट ढिलो हुनासाथ गाली खानु परेको घटना अहिले पनि झझल्को आउँछ। त्यो पनि दुर्गम डोल्पा जिल्लाका लेखपढ नगरेको सेवाग्राहीलाई वजेटको लागि निवेदन लेख्ने सम्बन्धमा। तर यहाँ त म पढेलेखेको सेवाग्राही भए पनि मुसा जस्तो डराई डराई कुरा गर्नुपर्ने यो कस्तो ठाउँ रहेछ भनेर रिसले आँखा नदेखे पनि चुप्प लागेर बसें। त्यसपछि भवनबाट बाहिर निस्कंदा ठूलो साइनबोर्डमा कुन कुन काम कसरी गर्ने भनेर लेखिएको बोर्ड "नागरिक वडापत्र" देखेपछि पो आफ्नो बुद्धिलाई धिक्कार्न पुगें।

हामी कार्यालयमा सेवा लिन जाने धेरैलाई "नागरिक वडापत्र" हेर्ने र त्यसको प्रयोग गर्ने ध्यानै हुँदैन। नागरिक वडापत्र देशका सबै सार्वजनिक कार्यालयहरुको बाहिर राखेको हुन्छ तर कमैले मात्र त्यसलाई नियालेर हेर्ने गरिन्छ भने सानोभन्दा सानो काममा पनि कार्यालयका बोल्नै अल्छि गर्ने कर्मचारीहरुलाई सोध्ने र काम सम्बन्धी ज्ञान नभएर घुस समेत दिन पछि पर्दैनौं। यो हामी सेवाग्राही को पनि गल्ती हो कि होइन ? यसको मुख्य कारण धेरैजसो नागरिक वडापत्रको महत्व नबुझ्नु नै हो भन्न सकिन्छ। के हो त नागरिक वडापत्र ? यसको औचित्य के छ त ?

कुनै पनि लोकतान्त्रिक सरकारले देशका जनताहरुको चाहना र सरकारको आफ्नो क्षमता अनुसार विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्थाहरु गरेका हुन्छन्। जनतालाई सरकारले आफ्नो मालिक मान्नु पर्ने हुन्छ भने जनताको हक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने एवं जनतालाई आवश्यक पर्ने वस्तु र सेवाहरु सर्वसुलभ र समयमा पुऱ्याई उनीहरुबाट करको रुपमा प्राप्त रकमको सदुपयोग गर्न सरकार कटिबद्ध हुनु पर्ने हुन्छ। यसै क्रममा विश्वभरिका सरकारले जनतामा पुऱ्याउने सेवाको प्रभावकारिताका लागि नयाँ नयाँ अवधारणाहरु प्रयोगमा ल्याए। जनतालाई सेवाग्राही, उपभोक्ता र ग्राहकको रुपमा लिएर उनीहरुको इच्छा र चाहना अनुरुप सेवा प्रदान गर्ने दिशामा विश्वका विभिन्न मुलुकहरुले नयाँ नयाँ तरिका प्रयोग गरी यस क्षेत्रमा आमूल परिवर्तन गर्ने प्रयास गरेको पाइन्छ। सरकार को मुख्य कर्तव्य सरकारी स्तर बाट जनतालाई जिम्मेवारपूर्ण, सर्वसुलभ र गुणस्तरीय सेवा पुऱ्याउनु रहेको हुन्छ। यसका लागि सरकारले अनेकौं उपायहरुको अवलम्बन गरेका हुन्छन्। ती उपायहरु मध्ये नागरिक बडापत्र (Citizen's Charter) को व्यवस्था पनि एक मानिन्छ।

नागरिक बडापत्र (Citizen's Charter) को अवधारणा सन् १९८० मा बेलायतबाट शुरु भएको मानिन्छ। त्यहाँ सन् १९९१ देखि २००० सम्म अधिकांश महत्वपूर्ण सार्वजनिक सेवाहरुमा नागरिक बडापत्र तयार गरी लागू गरे। जस्तै करदाता बडापत्र, रोजगारदाता बडापत्र, बिरामी बडापत्र, उपभोक्ता बडापत्र, जागीर खोज्नेहरुको बडापत्र आदि प्रमुख मानिन्छन्। सन् १९८८ मा यस अवधारणाको प्रयोग सम्बन्धी निर्णय गरी सन् १९९१ मा पहिलो पटक तत्कालीन प्रधानमन्त्री जोन मेजरको सरकारले व्यावहारिक प्रयोग गर्ने निर्णय भयो। त्यसको एक वर्षपछि नागरिक बडापत्रको रुपमा शुरुवात भयो। शुरुमा सरकारी सेवामा दक्षता (Efficiency) तथा मितव्ययिता (Economy) कायम गर्ने उद्देश्य राखेको र पछि प्रभावकारिता(Effectiveness) लाई समेत महत्व दिएको पाइन्छ। अहिले त्यस वाहेक जिम्मेवारीपन (Responsiveness) लाई समेत ध्यान दिई सरकारी सेवाहरुलाई प्रभावकारी बनाउनुको साथै बेलायतमा हरेक वर्ष बडापत्रहरुको पुनरावलोकन गरी समसामयिक बनाउने प्रयास भएको देखिन्छ। हरेक नागरिक बडापत्रले खुलापन र पारदर्शितालाई महत्व दिई त्यहाँको प्रत्येक कार्यकारी निकायले वार्षिक रुपमा सेवा वा वस्तुको गुणस्तर लक्ष्य निर्धारण गरेर त्यसको आधारमा जनतालाई सेवा प्रदान गर्ने व्यवस्था गरेको देखिन्छ। यस किसिमको लक्ष्य निर्धारण गर्ने परिपाटीले विगतको उपलब्धि, लक्ष्य अनुरुप सम्पन्न हुन नसकेका कार्यको मूल्यांकन र असफलताका कारणहरु समेत उल्लेख गरी वार्षिक प्रतिवेदन तयार गर्ने व्यवस्थालाई अनिवार्य गरेको छ। अधिकांश सार्वजनिक सेवाहरुमा उपभोक्ता सर्वेक्षण गर्ने व्यवस्थालाई नागरिक बडापत्रहरुले जोड दिएको छ। साथै लक्षित उपभोक्ता वा सेवाग्राहीमा प्रत्यक्ष भ्रमण गरी उनीहरुको प्रतिक्रिया लिने परिपाटी समेतलाई आधार लिने गरेको पाइन्छ।

हाल विश्वका धेरै मुलुकहरुले नागरिक बडापत्रको प्रयोग गर्न थालेका छन्। उदाहरणको रुपमा पोर्चुगलमा Public Service Quality Charter, 1992, फ्रान्समा Public Service Charter, 1992 र क्यानाडामा Declaration या Quality Service Principles, 1994 लाई लिन सकिन्छ। साथै न्युजिल्याण्ड, अष्ट्रेलिया, मलेसिया, सिंगापुर, भारत, नर्डिक राष्ट्रहरु, पश्चिमी यूरोपेली राष्ट्रहरु लगायत धेरै मुलुकहरुमा प्रयोग हुन थालेका छन्।

छिमेकी मुलुक भारतका विभिन्न राज्यका सरकारहरुले पनि नागरिक बडापत्रको व्यवस्थालाई लागू गरेको पाइन्छ। उदाहरणको लागि आन्ध्र प्रदेश सरकारलाई लिन सकिन्छ जसले नागरिकहरुलाई सेवा पुऱ्याउने सन्दर्भमा सामान्य, नैतिकवान, उत्तरदायी, भरपर्दो र पारदर्शी सरकार (simple, moral, accountable, reliable and transparent (SMART) administration) को अवधारणा अघि सारेको पाइन्छ। यो अवधारणालाई व्यवहारमा उतार्न सरकारद्वारा प्रदान गरिने विभिन्न सेवाहरुको लागि भिन्दाभिन्दै नागरिक बडापत्रहरु तयार गरी लागू गरेको देखिन्छ। प्रत्येक नागरिक बडापत्रको नारा "हाम्रो उद्देश्य तपाईंहरुलाई सौहार्दपूर्ण र सहयोगी सेवा प्रदान गर्नु हो" र खिको छ। दिल्ली सरकारले ७० भन्दा बढी कार्यालयहरुमा यस किसिमको नागरिक बडापत्रको व्यवस्था गरेको छ। दिल्ली सरकारको "प्रशासन सुधार विभाग" ले समेत उल्लेखनीय रुपमा बडापत्र लागू गरेको देखिन्छ।

नेपालको सन्दर्भमा नागरिक बडापत्रको अवधारणाको रुपमा नभए पनि धेरै पहिलेदेखि सुझावपेटिकाको व्यवस्था गर्दै आएको पाइन्छ। त्यसैगरी कतिपय निकायहरुमा जनसम्पर्क शाखा तथा अधिकारी तोक्ने चलन पनि नेपालमा पुरानो चलन रहेको छ। प्रशासन सुधार आयोग, २०४८ ले जनतामा पुऱ्याउने सेवालाई प्रभावकारी बनाउने सम्बन्धमा विद्यमान समस्याको विश्लेषण गर्नुको साथै आवश्यक सुझावहरु पनि प्रस्तुत गरेको थियो। यी सुझावहरु मध्ये नागरिक बडापत्र भनेर किटान नगरे पनि यस किसिमको व्यवस्थालाई इंगित गरेको देखिन्छ। त्यसैको फलस्वरुप नेपालमा वि.सं. २०५६ सालमा नागरिक वडापत्रको प्रयोगको सुरुवात भयो।

यसरी नागरिक बडापत्रको २०५६ देखि २०६६ सम्मको यात्रामा पछिल्लो पटक थप गरिएको सेवाको गुणस्तर को कुरा र सेवामा क्षतिपूर्तिको व्यवस्था कार्यान्वयनमा ल्याउने, सेवाग्राही प्रति सहयोगीपना र नम्रतापूर्वक व्यवहार गर्ने, विकल्पहरूको व्यवस्था र सेवाग्राहीलाई तथ्यगत सल्लाह दिने व्यवस्था गर्न प्रयास भैरहेको देखिन्छ। हालै जारी भएको सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले उल्लेखित सेवा प्राप्त हुन नसकेमा क्षतिपूर्तिको व्यवस्था र सेवा अभियान सञ्चालन निर्देशिका २०६५ ले नागरिक बडापत्रमा सेवाको किसिम, सेवा प्राप्त गर्दा लाग्ने शुल्क तथा दस्तुर, सेवा प्रदान गर्ने जिम्मेवार व्यक्ति, सेवाको गुणस्तर, लाग्ने समयावधी र सेवा प्रवाहको सर्त र कार्यविधि, सेवा उपलब्ध हुन नसकेको अवस्थामा उपचारको विधि जस्ता कुरा खुलाउनु पर्ने व्यवस्था समेत गरिएको छ।

बाँकी ५ पेजमा

# क्रिएटिभ एकेडेमी पूर्णरुपमा मन्टेश्वरी

कीर्तिपुर सन्देश/

कीर्तिपुर, नयाँबजारस्थित क्रिएटिभ एकेडेमीले एकदिने मन्टेश्वरी अभिमुखीकरण र वृद्धिविकास सम्बन्धि कार्यक्रम सम्पन्न गरेको छ।

गत फागुन १६ गते शनिबार पूर्व प्राथमिक कक्षाका विद्यार्थीहरुका ४०० भन्दा बढी अभिभावकहरुको उपस्थितिमा बेष्ट मन्टेश्वरी चेन अफ स्कुल र ट्रेनिङ्ग सेन्टरको सहकार्यमा सो कार्यक्रम संचालन गरिएको थियो । क्रिएटिभ एकेडेमीले वैशाली एडुकेशन सिस्टम एण्ड ट्रेनिङ्ग सेन्टरले विकास गरेको पाठ्यक्रम र सिद्धान्तमा आधारित भएर आगामी शैक्षिक सत्र २०७२ देखि पूर्व प्राथमिक कक्षामा पूर्णरुपमा मन्टेश्वरी विधिद्वारा कक्षाहरु संचालन गर्न लागेकाले सो सम्बन्धि जानकारी गराउने उद्देश्यले सो कार्यक्रम आयोजना गरेको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मर्जिमान सिंहको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रि-प्राइमरी इन्चार्ज श्रीमति सुमित्रा गिरीले स्वागत मन्तव्य दिनु भएको थियो भने विद्यालका प्रिन्सिपल वी.एन. पौडेलले विद्यालय स्थापना कालदेखि नै मन्टेश्वरी पद्धतिमा आधारित भएर विद्यालय संचालन गरिए पनि अब पूर्व प्राथमिक तहमा पूर्ण रुपमा मन्टेश्वरी विधिद्वारा कक्षा संचालन गरिने जानकारी गराउनु भयो ।

विहान ११ बजेदेखि साँझ ५ बजेसम्म चलेको कार्यक्रमलाई दुई शत्रमा विभाजन गरिएको थियो । पहिलो शत्रको कार्यक्रममा मन्टेश्वरीकी एडुकेशन डाइरेक्टर सुष्मा सुब्बा लामाले मन्टेश्वरी प्रणालीमा साना नानीहरुलाई कसरी, कस्ता विषयवस्तु पढाइन्छ, मन्टेश्वरी सामाग्री, नृत्य, राइम्सको प्रयोग गरेर विद्यार्थीहरुलाई खेल्दै खेलाउँदै रमाइलो वातावरणमा कसरी सिकाउन सकिन्छ भनेर अभिभावकहरुलाई देखाउनु भएको थियो । दोस्रो शत्रमा अभिभावकहरुलाई विभिन्न खेलहरु र अभ्यासमा प्रत्यक्ष सहभागी गराई वाल मनोविज्ञान कसरी बुझ्ने, घरमा विद्यालयमा कसरी बालमैत्री वातावरण बनाउन सकिन्छ भनेर देखाइएको थियो ।

बेस्ट मन्टेश्वरी चेन अफ स्कुल र ट्रेनिङ्ग सेन्टरका बोर्ड अफ डाइरेक्टर सञ्जय फिंजु लामाले क्रिएटिभ एकेडेमीसँग सहकार्य गर्न पाउँदा खुशी व्यक्त गर्नुभयो भने सभापति श्री मर्जिमान सिंहले विद्यालयको प्राङ्गणमा सुरुदेखि अन्त्यसम्म अभिभावकहरु बसेको देखेर अभिभावकहरुलाई धन्यवाद दिँदै अभिभावकको यस्तै साथ र सहयोग पाएमा चाँडै कक्षा ५ सम्म मन्टेश्वरी पद्धतिमा आधारित भएर कक्षा संचालन गर्ने बताउनु भयो ।

# पुष्पसदन आमाविको पुरस्कार वितरण र सांस्कुतिक कार्यक्रम सम्पन्न



**कीर्तिपुर सन्देश साप्ताहिक**

कीर्तिपुरको नगाउँस्थित पुष्पसदन आवासीय माध्यमिक विद्यालयले गत भदौदेखि फागुण महिनासम्म भएको विभिन्न खेलकुद तथा हाजिरी जवाफ प्रतियोगितामा विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरिएको छ ।

गत फागुण १५ गते शुक्रवार विद्यालय प्रांगणमा भएको उक्त कार्यक्रममा यमुना अर्याललले स्वागत मन्तव्य दिनु भएको थियो । विद्यार्थीहरुले नै संचालन गरेको उक्त कार्यक्रममा पुरस्कार वितरण अभिभावहरुद्वारा गराइएको थियो ।

विद्यालयका इन्चार्ज निमा लामाले उत्कृष्ट गरौं, उत्कृष्ट बनौं भन्ने नाराका साथ संचालन भइरहेको विद्यार्थीको गुण दोष अभिभावकहरुले छुट्याउनु पर्ने बताउनु भयो ।

अभिभावकको तर्फबाट कृष्ण भण्डारीले विद्यालयका शिक्षक विद्यार्थीहरुले खेलेको योगदान सराहनीय भएको बताउनु भयो । आगामी शैक्षिक सत्रदेखि विद्यालयको फीस बढ्ने करा छ ।

शुल्क समायोजन गर्दा अभिभावकहरुको समस्यालाई बुझ्न पनि अनुरोध गर्नुभयो। उक्त कार्यक्रममा साना नानीहरुले फेशन शो प्रदर्शन गर्नुका साथै विभिन्न डान्सहरु पनि प्रदर्शन गरिएको थियो ।




BAGH BHAIRAB ACADEMY KIRTIPUR

धमाधम कक्षा संचलन भइरहेको छ। चाँडै सम्पर्क राख्नुहोला। सबै समस्याहरू हल गर्नेछौं।

- Tuition Classes (8,9,10,XI, XII, BBS B.A, B.ED., BSc, MBA,MBS, MA)
- कोरियन भाषा कक्षाहरू
- लोकसेवा आयोगका कक्षाहरू
- शिक्षक सेवा आयोगका कक्षाहरू
- कम्प्युटर सम्वन्धी कक्षा तथा तालिमहरू
- अंग्रेजी भाषा कक्षाहरू

BAGH BHAIRAB ACADEMY KIRTIPUR
(Behind Ace Bank & Everest Bank)
Ph.: 01-4334008, 9851142272

# विश्व क्रिकेट –२०१५



नविन महर्जन

अस्ट्रेलिया र न्यूजिल्याण्डमा सन्चालन भैरहेको फुटवल पछिको चर्चित क्रिकेट खेलको विश्वकपले सम्पूर्ण खेलप्रेमीहरुको ध्यान तान्न सफल भैरहको छ। अहिलेसम्मको खेलमा क्रिकेट खेलको महारथीहरुले आफ्नो स्तर अनुसारको खेल प्रदर्शन गर्दै आफ्नो स्थान क्वाटर फाइनलमा समेत सुरक्षित बनाइ सकेका छन् । जस्तो न्यूजिल्याण्डले अर्को आयोजक र ष्ट्रलाई गत शनिवार सम्पन्न खेलमा १ विकेटले हराई सनि सनि फैलाउन सफल भएको थियो । अष्ट्रेलियाले पहिले ब्याटिङ्ग गर्दै ३२.२ ओभरमा अलआउट हुँदै १५१ रनमा समेटिएको थियो जबकि ब्याटिङ्गमा न्यूजिल्याण्डले पनि निकै संघर्ष गर्दै सामान्य लक्ष्य पछ्याउन पनि ९ विकेट गुमाउनु पऱ्यो। तर अन्तमा न्यूजिल्याण्ड जित हासिल गर्दै क्वार्टर फाइनलमा पुग्न सफल भएको छ ।

त्यस्तै डिफेन्डिङ्ग च्याम्पियन भारत पनि अहिलेसम्म अविजित रहँदै समूह ख बाट क्वाटर फाइनलमा पुग्ने पहिलो राष्ट्र बनेको छ । भारतले पहिलो खेलमा पाकिस्तानलाई हराइएपछि अहिलेसम्मको सम्पूर्ण खेलमा जित दर्ज गरेका छन् । शनिवार नै सम्पन्न युएई र भारत बीचको खेलमा ९ विकेटले जित हासिल गरेका थिए। यस खेलमा पहिला ब्याटिङ्ग गर्दै यु.ए.ई.ले ३१.३ ओभर मा १०२ रन मात्र जोड्न सफल भएको थियो। जवाफमा भारतले १८.५ ओभरमै १ विकेट गुमाई लक्ष्य पार गरेका थिए। यी बाहेक क्रिकेटका शक्तिशाली राष्ट्र अष्ट्रेलिया, दक्षिण अफ्रिका श्रीलंका, वेष्ट इण्डिजले पनि निकै राम्रो प्रदर्शन गर्न सफल रहेको छ क्वाटर फाइनलमा पुग्ने अरु र ाष्ट्रजस्तै यी पनि हुन ।

यस विश्वकपमा एसोसियट राष्ट्रले पनि निकै राम्रो खेल प्रदर्शन गर्दै क्रिकेट खेल प्रेमीहरुको मन जित्‌ सफल भएको छ। विशेष गरी मित्रराष्ट्र अफगानिस्तानले विश्वकपमा ऐतिहासिक जित हासिल गरेकोले निकै खुशी तुल्याएको छ। त्यसैगरी आयर ल्याण्डले पनि यस विश्वकपमा निकै राम्रो प्रदर्शन गर्दै आएको छ जस्ले गर्दा नेपाली खेलप्रेमीहरु लाई पनि आशा पलाउन सफल बनाइएको छ।

यस विश्वकपमा वेष्ट इण्डिजका ब्याट्सम्यान क्रिस गेलले दोहोरो शतक बनाई नयाँ इतिहास रच्न सफल भए । जिम्वावे विरुद्धको खेलमा क्रिस गेल नायक साबित भए। उनले विश्वकपका धेरै नयाँ रिकर्ड रच्न सफल भएको थियो । अझ पनि ईङ्गल्याण्ड, पाकिस्तान आफ्नो स्वाभाविक लयमा फर्किन सकेका छैनन्। तर आगामी दिनहरुमा अवश्य खेल खेल्दै क्वाटरफाइनल खेलमा आफ्नो नाम दर्ज गर्ने सम्भावना बोकेको देखिन्छ। अहिले सम्पन्न खेलहरुमा निकै रोमान्चक खेल हेर्न बाँकी छ।


कीर्तिपुरका उपन्यासकार नजरराम महर्जनको उपन्यास




अब कीर्तिपुर बजारमा

अब कीर्तिपुरमा आफ्नोप्रति सुरक्षित गर्नुहोला


# स्वदेशी उत्पादन केश योग तेल



–राजेन्द्र अमात्य

आजभोलि अधिकांश नेपालीहरुको कपाल झर्ने समस्या बढ्दो छ । कारण वातावरणीय प्रदुषण, केमिकलयुक्त साबुन र स्याम्पुको बढी प्रयोग साथै व्यस्त जीवनशैली र अशुद्ध पानीको प्रयोगले कपालमा विविध समस्या निम्त्याउँछन । यति मात्र कहाँ हो र महिला दिदीबहिनीहरु ब्यूटि पार्लरमा गएर अनावश्यक रुपमा कपालमा आइरन लगाउने रंगबिरंग कपाल रंगाउने फेशनले गर्दा पनि पछि कपाल झर्ने समस्या हुने सौन्दर्यविद बताउँछन् । यसै विषयमा केश योग तेल र जिन्जर स्याम्पु उत्पादक कम्पनी नेशनल हर्ब्सका निर्देशक गणेश श्रेष्ठसंगको कुर ाकानीमा आधारित केही कुरा प्रस्तुत गर्दछु ।

बाह्रवर्षदेखि डिल्लीबजार स्थित टेलि-मार्केटिङ्ग व्यवसाय गर्दै आउनु भएका गोर्खा निवासी गणेश श्रेष्ठ युवा हुनुहुन्छ। हाल उहाँले आफ्नै ब्रान्ड (आफ्नै कम्पनीको नाम नेशनल हर्ब्सको नामबाट केश योग तेल, जिन्जर स्याम्पु नेपाली बजारमा बिक्री वितरण गर्दै आउनु भएको छ। केश योग तेल- तेलमात्र नभएर टाउको र कपालका लागि एक प्राकृतिक औषधिभन्दा कम नभएको दाबी छ। थुप्रै प्रयोग कर्ता यो तेलको प्रभावकारी भएको चर्चा बढ्दो छ। किनकी यसमा केमिकल रहित विविध शुद्ध प्राकृतिक दुर्लभ जडिबुटीको समिश्रण छ।

कपाल झर्ने, चाँया पर्ने, चिलाउने वा टाउको दुख्ने समस्या भएकालाई केश योग तेल अति राम्रो छ। उमेर जवान छ तर टाउकोमा कपाल छैन यहि कार ण मानिसहरु गर्मी महिनामा पनि क्याप अथवा टोपी लगाएर हिंड्न बाध्य हुन्छन् वा नक्कली कपालको सहारा लिनु पर्ने हुन्छ। कपाल मानिसको सुन्दरता मात्र नभएर व्यक्तित्वसंग जोडिएर आउँछ। त्यसैले भनिन्छ– "नो केश, नो फेस' कपाल नभएपछि राम्रो अनुहार, राम्रो आँखा, राम्रो नाक, राम्रो दाँत, राम्रो ओंठ भएका मानिस पनि समाजको अगाडी नराम्रो देखिन सक्छ। आकर्षक र अरुभन्दा पृथक देखिन वा प्रभावशाली व्यक्तित्व बनाउनका लागि मानिसहरु फरक शैलीका हेयर स्टायलमा प्रस्तुत हुन्छन । जब यो अस्त्र नै छैन भने पक्कै पनि मानिसहरु आफ्नो आत्मविश्वासमा कमी भएको महसुस गर्नहुन्छ । एकछिन कपाल विनाको मानिस हामी कल्पना गरौं त ? तर अब त्यस्ता मानिसका लागि केश योग नामको तेल बरदान साबित हुनेछ । यस तेलमा मिश्रित अदुवा, मुस्कपुर, नरिवल, आमला, अमरबेली, भृंगराज, जटामसी लगायत थुप्रै प्राकृतिक जडिबुटिले कपाललाई बलियो बनाई कपाल झर्नबाट तत्काल रोक्छ नै साथै चाँया हटाउने, नयाँ कपाल उमार्ने, कपाललाई कालो, बाक्लो र लामो बनाई स्वस्थ र चम्किलो समेत बनाउने उत्पादक कम्पनीको दाबी छ।

केश योग तेलद्वारा गरिने हेयर मसाजले केही हदसम्म टाउको दुखाई पनि कम गर्छ। कुनै पनि केमिकल नमिसाएको यो तेल नेशनल हर्ब्सले काठमाण्डौं लगायत बाहिर जिल्लामा समेत व्यापक बिक्री गरिरहेका छन । विगत आठ वर्षदेखि संचालित फिट्नेस प्वाइन्ट ट्रेडिङ्गले नेशनल हर्ब्सका निर्देशक तथा कम्पनी प्रोप्राइटर गणेश श्रेष्ठले मलाई टेलि- मार्केटिङ्ग व्यवसाय तरिका सिकाइ दिनु भएको हो। सुरुदेखि नै उहाँकै विभिन्न हर्बल प्रोडक्ट खरिद गर्दै बिक्री गर्दै आइरहेको छु।

केशयोग तेलमा नेपालकै जडीबुटि प्रयोग गरि नेपालीका लागि नेपालमै उत्पादन गरिएको यो तेल बालकदेखि बृद्धसम्मका लागि उपयोग छ। यो केश योग तेल फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग कीर्तिपुरले पनि बिक्रीका लागि ल्याएको छ । जसरी योग र ध्यानले मानिसको शरीरमा भएका अनावश्यक टाक्सिम बाहिर निकाली शरीरलाई स्वस्थ, फुर्तिलो र सदा ताजापन महसुस गराउँदछ त्यसैगरी यो तेलको प्रयोगले कपालका लागि योग सरह हुने तत्वहरु यसभित्र मिश्रण गरिएको छ।

केश योग तेलको नियमित प्रयोग गर्नाले हाम्रो केशले नयाँ रुप पाउने मात्र नभई कपाल नभएकाहरुका लागि बरदान साबित हुनेछ।

केश योग तेल सँगै नुहाउँदा साबुनको सत्ता स्याम्पु प्रयोग गर्नु अति आवश्यक छ। टाउकोमा चायाँ पर्ने समस्या महिला हुन् वा पुरुष हरेक नेपालीका लागि हैरानीको विषय हो । यसले मानिसलाई अनावश्यक तनाव बढाउँछ। आम नेपालीको अर्को साझा समस्या भनेको कपाल टुक्रिएर झर्ने र हांगा फाट्ने हो। आजको व्यस्त जीवनशैलीका कारण हरेक प्रोफेसनल मानिसहरुका लागि त झन यी समस्याले करियरमा नै नकारात्मक असर निम्त्याउँछ। केश योग तेल र जिन्जर स्याम्पु उत्पादक कम्पनी भन्नु हुन्छ अब यो समस्याले कोही पनि चिन्तित हुनु पर्दैन।

बजारमा उपलब्ध नेशनल हर्ब्सको आयुर्वेदिक जिन्जर स्याम्पुले कपालको चाँया हटाई हाँगा फाट्ने, टुक्रिने र झर्ने समस्याको निदान गर्दछ । यो स्याम्पुमा अदुवा, अमला, कागती, बदाम, एलोभेरा तथा जिम लगायत प्राकृतिक दुर्लभ जडिबुटीयुक्त तत्वले कपाललाई स्वस्थ, सुन्दर, मुलायम र बलियो कपाल बनाई लहराउदो केशको धनी बनाउँछ।

नेशनल हर्ब्सले ल्याएको यो विविध प्राकृतिक गुणयुक्त स्याम्पुभित्रै कपाललाई सिल्की बनाई आकर्षक लुक्स दिने कण्डिसनर पनि समावेश गरि एको उत्पादक कम्पनी बताउँछन्। कपाललाई चम्काउन छुट्टै कण्डिसनरको प्रयोग गरि रहनु पर्ने झन्झटबाट पनि यसले मुक्ति दिलाउने कुरा उत्पादक कम्पनी बताउँछन् । यसको प्रयोगबाट प्राप्त हुने पुनर्ताजगीले मानिसलाई चुस्त, दुरुस्त र तन्दुरुस्त बनाई राख्छ कपालका लागि आवश्य सम्पूर्ण प्राकृतिक गुणले भरिपूर्ण जिन्जर स्याम्पुको प्रयोगले मानिसको व्यक्तित्वमा निखार ल्याई फरफराउँदो केशकोम मालिक बनाउनेछ।

आजकल बजारमा रंगीन भाँडोमा फिल्ममा खेल्ने हिरोइन को आकर्षक फोटो छापिएको थुप्रै स्याम्पु र तेलहरु प्रसस्तै भेटिन्छन् तर त्यसभित्र मिसाएका तत्वहरु त्यति राम्रो नभएको प्रयोग कर्ता बताउँछन्। सहि र उपयुक्त तेल तथा स्याम्पु रोज्नु हाम्रो बुद्धिमानीको खेल हो।

स्वदेशी उत्पादन हाम्रो शान, स्वदेशी उपयोग हाम्रो पहिचान लाई आत्मसात गर्दै नेशनल हर्ब्सद्वारा उत्पादित जिन्जर स्याम्पु र केश योग तेलले नेपालीलाई स्वदेशी उत्पादनमा विश्वास पैदा गर्ने वातावरण सृजना गर्नेछ। नेशनल हर्ब्सद्वारा उत्पादित जिन्जर स्याम्पु, केश योग तेल लगायत अन्य थुप्रै हर्बल प्रोडक्टस कीर्तिपुरको फिट्नेस प्वाइन्ट ट्रेडिङ्गमा पनि पाइने सहर्ष जानकारी गराउँदछु।


उपभोक्ता बचत बजार प्रतिक्षा गर्नुहोस्

विस्तृत जानकारीको लागि

बाघभैरव इलेक्ट्रिक हाउस, कीर्तिपुर

पाँगा दोवाटो, कीर्तिपुर सपिङ कम्पलेक्स

9851178574÷9803822153



चिनाखँ

## आः खोयां छु याये

### नाति महर्जन द्यचपा, पाँगा

नेपा: दे भ्मीगु धका: माया जक याना चोना छु याये ?
गरिब मखु जनता हे निर्मुल याइम्ह सरकार व थाय
थ:पिनि जक प्वा:जाय्के दय्वं गा:पिं नेतातेसँ
सरकार चलेयाना चोंथाय्
नये मखँसां, तोने मखँसां
अत्याचार सहयाना
इमिसं न्ह्यागु या:सां
ग्याना कय्कुना विरोध याये मफुसां
द्यां लात धका: खोयां छु याये
नेपा: दे भ्मीगु धका: माया जक याना चोना छु याये
थुलि मछि दत व:गु प्रजातन्त्र
आ:तक छेले मखं जनतां
नेतातसें जक छेलाच्वंगु प्रजातन्त्र
जनतायात कर या बोभ्कं तेका
देश चलेयाइपिं हे सामन्ति शोषक जुसेंलि
भ्मी आ: वना धा:वनेगु स्वयाथाय्
देसय् शान्ति मदु सुख चैन मदु
थ:थ: ल्वाना देसय् अशान्ति यानाचोंपिं
पालंपा प्रधानमन्त्री जुया
दे कंगाल यानाचोंपिं
जनता धोंलाना सत्ता कब्जायकापिं
न्यापा ख्वा: पुया जुइपिनिगु
नातक जक स्वया चोना छु याये
दोलंदो मनुखं ज्यान पाना
दोलंदो अपाङ्ग जुइक ल्वाना
गुलि मस्तय् मां बौ धाये मखन
गुलि मिसात भा:त मदय्का चोन
थुलिमछि बलिदान याना व:गु प्रजातन्त्र
सुथय्, बहनि द्य: नां कायेथें नांजक कायेगु ख:सा
थजागु प्रजातन्त्र भ्मीत दयां छु याये
नेपा: दे भ्मीगु धका माया जक याना चोना छु याये
जनतायात छुं सुविधा मदु
दु:ख मर्का जूपिन्त ग्वाहाली मदु
च्यान्हुया छक: हिती ल: मव:सां
न्हिंन्हिं मतच्याके मखंक लोडसेडिङ्ग जूसां
या:याथे याका जुजु थे जुइका
छुं वास्ता मदुम्ह सरकारं दे चलेयाना चोंथाय्
भ्मीपिं कपा: दाया: हालां खोयां छु याये
नेपा: दे भ्मीगु धका: माया जक याना चोना छु याये
नेतात विदेशीया कठपुतली जुया चोथाय्
इमिगु इशारां देश चलेयाना चोंथाय्
खुँ डाकात य: य: थे जुइका: त:थाय्
सच्छि दामं विदेशीतेत नागरिकता मिथाय्
नेपामितय्त न्हुया विदेशीत मुलय् तैथाय्
न्याय् याइपिं चोंनिगु अदालत मदुथाय्
न्ह्यागु ज्या नं धेबां सिधय्के ज्यूथाय्
भ्मीपिं छुं मस्यूपिं गरिबपिं
भगवान भरोसाय्लापिं
दुनेनं मथ्यों पिनेनं मथ्योंपिं
गनवना हा वने स्वैत धा:वने
स:स्यूपिनिगु हना मदुथाय्
नातावाद कृपावाद हावि जुया चोंथाय्
थ: मनूतय्त जक पालं पा: कमाय् याकिथाय्
भ्मिगू नं पा: वै धका: पिना चोना छु याये
नेपा: दे भ्मीगु धका: माया जक याना चोना छुयाये
कल कारखाना दको मिया छोल
कमिसनं जक प्वा: जायेकल
जनता बेरोजगार याना थ:पिं मालामाल जुल
अड्डा अदालत भ्रष्टाचारीं जायकल नं
माफियातय्त देश चलेयाका तल नं
भ्मीसं विरोध मया:से सोजक सोया कय्कुना
दे स्यन धका: नुग:जक मछिंका छु याये
नेपा: दे भ्मीगु धका: मायाजक याना चोना छु याये
दे विकास याइपिं नेतात थुपिं ख हे मखु
थुमिके देश व जनताया माया द हे मदु
विदेशं धा: थे प्याखँ हुइपिं
खुलाय् छक: प्रधानमन्त्रि हिलीपिं विवेक मदुपिं नेतात दु थाय्
पालं पा: प्रधानमन्त्रि जुया देया धुकू हे सुचुका छोइथाय्
जनताया नयेमखन धयां छु याये
भ्मीसं देश विकास जुइगु प्रजातन्त्र हयेमफुत
सुख शान्ति दैगु प्रजातन्त्र ले मफुत
इमान्दार नेतात लेया चोय छोये मफुत
फताहा नेतात लात आ संकेहे मफुत
न्हापा भ्मीसं फताहात म्हसिके मफुत छु याये
आ: विस्वय् मदुगु प्रजातन्त्र वल धयां छु याये
जनतां दु:ख सिल धयां छु याये
नेपा: दे भ्मीगु धका: माया जक याना छु याये
वंगु खँ लोमंके माल आ: खुनु होस याये माला
बांला:पिं नेता लेय्मा: जनतां थो दे स्वयेमा
नेतात ला वइ वनि संपति गातकि दे तोता वनी
इमिसं दे धका: माया याना चोनिमखु
इमिगु ल्हातय् जक दे बिया त:सा
छन्हु नेपा: दे हे दैमखु
अजापिन्त जक दे चले याका तया छु याये
थ:गु पार्टीयापिं नेतां या:या:थे याकां छु याये
नेपा दे भ्मीगु धका: माया जक याना चोना छु याये

# नागरिक वडापत्रको औचित्य..........

२ पेजको बाँकी

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।१०।१५ को वैठकबाट स्वीकृत भएको क्षतिपूर्ति सहितको नागरिक वडापत्र व्यवस्थापन निर्देशिका, २०६९ अनुसार क्षतिपूर्ति सहितको नागरिक वडापत्र भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्थापन विभाग अन्तर्गत रहेका जम्मा २० वटा मालपोत कार्यालयहरुमा यही २०७० वैशाख देखि लागू भैसकेको छ भने भदौ २ गते देखि थप १५ जिल्लामा उक्त वडापत्र लागू गरी विस्तार गर्ने निर्णय समेत भै तयारी कार्य भैरहेको छ।

यसरी नागरिक वडापत्र अनिवार्य गरेको भए पनि सबै कार्यालयहरुले औपचारिकता पूरा गर्नका लागि मात्र कसैले बोर्ड राख्ने र कतिपयले त अवैज्ञानिक तरिकाले समेत बोर्ड झुण्ड्याउने गरेकोले औपचारिकता मात्र पूरा गरेको देखिन्छ। सोही नागरिक वडापत्र अनुसार सेवाग्राहीले सेवा पाएका छन् कि छैनन् भनेर मूल्यांकन गर्ने देखिएको छैन। सेवाग्राही पनि कार्यालय पुग्नासाथ प्रक्रिया बुझ्दै नबुझी आफ्नो काम सकाउने तर्फ लागेको हुन्छ यही मौकामा चौका हान्ने पक्षले फाइदा लिने गरेकोले भ्रष्टाचारको विउ उमार्ने जस्तो काम हुन पुगेको छ। अन्त्यमा, सरकारले आफ्ना नागरिक प्रतिको उत्तरदायित्व पूरा गर्ने एउटा महत्वपूर्ण माध्यम नागरिक बडापत्रको व्यवस्थालाई मान्न सकिन्छ। जिम्मेवार सरकारको अवधारणालाई व्यवहारमा उतार्न यस व्यवस्थाले उदाहरणीय सहयोग गर्न सक्छ। विश्वका धेरै देशहरुले नागरिक बडापत्रको प्रयोग गर्न थालेको सन्दर्भमा नेपालले पनि यस व्यवस्थालाई अंगीकार गरी जनता प्रतिको जिम्मेवारी निर्वाह गर्नु अत्यन्त आवश्यक देखिन्छ। २०५६ सालमा जारी गरिएको जनतामा पुऱ्याउने सेवाको प्रभावकारिता सम्बन्धी निर्देशिकालाई समयानुकुल परिमार्जन गरी निर्देशिकाले निर्देश गरेका प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्नु आजको एक प्रमुख आवश्यकता हो। नेपालले नागरिक बडापत्रको अवधारणा लागु गर्नु अघि सेवा प्रदान गर्ने कार्यालयहरुको कार्यक्षेत्र निश्चित गर्ने, दोहोरो कार्यहरु हटाउने, समन्वयको राम्रो व्यवस्था कायम गर्ने र कर्मचारीहरुलाई नागरिक बडापत्रको प्रयोग र महत्व सम्बन्धमा आवश्यक तालीम दिने व्यवस्था गर्नु पर्ने देखिन्छ।साथै यस व्यवस्थालाई प्रभावकारी बनाउन नागरिक वडापत्र सम्बन्धमा जनचेतना जगाउने, सोही अनुसार कार्यालयहरुमा कार्य संचालन गर्ने, नगर्नेलाई कारवाही गर्ने, आदि गर्न सकेमा मात्र नागरिक वडापत्रको औचित्य रहन्छ नत्र भने खसीको टाउको झुण्ड्याएर बाख्राको मासु बेच्ने जस्तै हुनेछ। धन्यवाद।

## बिचा: हायेका







जन्म वि.सं. १९९३ साउन सप्तमी

मदुगु: २०७२ फागुन ८ गते

**स्व. राजमुति महर्जन**

त:ग:वपि गुथिया दुज: तुल्सीनारायण महर्जनया जहान **राजमुति महर्जन** वंगु फागुन ८ गते मदुगु थौं भ्किंस्वन्हुया पुन्य तिथिसं मदुम्हेसिया सुखावति भुवनय बास लायेमा धका: श्रद्धाञ्जली देछासें थुगु दु:खया इलय् सकल छेँज:पिन्सं मन चिइफयेमा धका: बिचा: हायेका च्वना।

**त:गवपि गुथि**

त:ग:वपि, कीनपा -१७


*कीर्तिपुरका साथ साथै राष्ट्रिय समाचार सहितको प्रत्येक बुधवार विशेष अंक कीर्तिपुर सन्देश साप्ताहिक तपाईको घर घरमा*

कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७

**kirtipur_sandesh@live.com**
http:kirtipursandesh.blogspot.com



**गुणस्तरीय निर्माण सामग्रीगरु सुपथ मुल्यमा**

हाम्रा सेवाहरु
• डन्डी • बाँस • ईट्टा
• रोडा • बालुवा • सिमेन्ट

सम्पर्क :
बालकुमारी सप्लायर्स
पाागा, हनुमानघाट

प्रोप्राइटर सुरेन्द्र महर्जन
फोन : ९८४३९३४५३३, : ९८०३५२३७५७, ४३३५४७६

# स्वर्गिय शुकराम दाइया स्वस्थानी बाखं

*नेपालभाषाया नाटक साहित्य, संगित ख्यः व थीथी समाजिक सेवाय् मन क्वसाय्का समाज सेवा याना २०६२ साल मंसिर महिनाय् ८० दँय् दिवंगत जुयादीम्ह पाँगा भुजिन्द त्वाःया शुकराम महर्जनं थीथी सफूत ब्वनाः नेवाःतसें थुइक मांभाय् नेपालभाषां च्वयादीगु माघ लच्छि बाखं कनीगु श्री स्वस्थानी बाखंया सफूया छुं छुं ब्वः थन न्ह्यब्वय् त्यनागु जुल। थुकी छुं भिंके माःसा सुझाव बियादिइत इनाप यानाच्वना (संपादक)*



स्व. शुकराम महर्जन

**(वंगु वालय् श्रीस्वस्थानी परमेश्वरी व्रतकथाया झिच्यागूगु अध्याय ब्वना दिल आः कथहं ब्वनादिसँ)**

कुमारं आज्ञाजुल- हे अगस्त्यमुनि थुलि पातालया खँ कनेधुन आः मर्त्य मण्डलया खँ कने ध्यानपूर्वक न्यनादिसँ। परापूर्वकालय् न्हापा मर्त्यमण्डलया दक्षिणपाखे ब्रम्हपुर धयागु छगू नगर दु अनच्वंपिं बासिन्दा ब्राम्हण छम्हथे छम्ह सम्पति परिपूर्ण जुयाः असंख्य धनी जुयाः हानं वेद पुराणादि नानां शास्त्र अभ्यास यानाः थःथःगु कर्म अनुसार काल हना च्वन। वहे नगरय् शिवभट्ट नां जुयाच्वंम्ह छम्ह अति हे गरीब ब्राम्हण दु। तर न्ह्याथे हे गरीव जूसां व शिवभट्ट ब्राम्हणयात लोभ लालच मोह धैगु छुं छगू खने मदु हानं थःगु कर्म नं त्वःतुगु मखु गुबलें स्वैतं दुःख बीम्ह नं मखु स्वयानाप मखूगु खँ ल्हाइगु नं मखु, वया सती धाःम्ह स्त्री दुगु जुयाच्वन थुपिं निम्ह तिपूया अत्यन्त हेलमेल दु केवल सम्पति याःगु अभावं यानाः दैनिक व्यवहार अथवा प्वाः छगः जायेकेगु युक्ति लुइकेत मुश्कील मुश्कील जुयाः तःसकं दुख जुयाच्वन। छन्हुया दिनय् शिवभट्ट ब्राम्हणं धयादिल हे स्त्री, झीगु छैँ सम्पति मदया झीतः तसकं दुःख जुल आः सम्पति वृद्धि यायेगु लागी श्री सिद्धि गणेशयागु सेवा याः वनेनु थुगु खँय् छ सहमत दुला ? स्वामीया वचन न्यनाः सती ब्राम्हणी नं धाल- हे स्वामी ! मनूजुयाः जिबिकाया छगू युक्ति यायेहे माः हजुर यागु वचनय् जिगु छाय् सहमति मजुइ ? अवश्य जुइ धकाः निम्ह तिपूया सल्लाह यानाः उखुनुनिसें च्यान्हुइ छकः मंगलवार पतिकं सुथ न्हापां दनाः महाकष्ट नयाः श्रद्धापूर्वक श्री गणेशयागु पूजा यानाः सेवा या जुल। थुगु किसिमं कष्ट नयाः सेवा यायां ८-१० च्यादँ झिदँ बिते जुयाः वसेंलि श्री सिद्धि विनायक प्रसन्न जुयाः थजःगु रूप दर्शन बियाः आज्ञा जुल- हे भक्तजनपिं ! छिमिसं जिगु पूजा व सेवायाःगु खनाः जि अत्यन्त खुसि जुल, छु इच्छा खः वहे वरदान फ्वं धकाः श्री गणेशया आज्ञा न्यनाः मन हर्ष जुइका साष्टांग प्रणाम यानाः निम्ह तिपू नं इनाप यात- हे परमेश्वर ! मेगु छु फ्वने पूर्वजन्मय् जिमिसं छुं जप तप पुण्य यानाः वे मफूगुलिं थुगु जन्मय् सम्पति विहीन जुयाः थुलिमछि दुःख सियाच्वने माल। वहे सम्पति दयेमा धैगु इच्छा यानाः हजुरयागु सेवा यानागु उकिं सम्पति प्राप्त जुयाः थ्व दुखं पार जुइमा। थुलि शिवभट्ट ब्राम्हण वचन न्यनाः श्री सिद्धि विनायकं आज्ञाजुल- हे शिवभट्ट ! थनिं च्यान्हु सदाथें मंगलवार सुथ न्हापां थन वया जिगु पूजा या। उगु बखते जिगु न्ह्योने छु वस्तु खन व वस्तु कया छेँय् यनाः तसला त्वपुया तयाति अले प्यन्हु दय्धुंकाः त्वःपुया तःगु तसला उलाः स्व वस्तु सूवर्णमय जुयाच्वनी। अले छन्त प्रशस्त सम्पती दयाः सुखी जुइ धकाः वरदान बियाः श्री गणेश अन्तरध्यान जुया बिज्यात। शिवभट्ट व सती ब्राम्हणी निम्ह तिपुनं मन हर्षयानाः आनन्द ज्वीकाः श्री सिद्धि विनायकयात साष्टांग प्रणाम यानाः थःगु छेँय् लिहांवल। हानं लिपा मंगलवार सुथ न्हापां पूजा सामग्री ज्वनाः निम्ह तिपूनं श्री सिद्धि विनायक स्थानय् वनाः पूजा यायां ध्यान यानाः मिखा उलाः स्वःगु बखते श्री गणेशया न्ह्योने लड्डु छगः खन व लड्डु निम्ह तिपु नं छेँय् यंकाः श्री सिद्धि विनायकया आज्ञानुसार सफागु तसला नातुं त्वपुयातल। प्यन्हु दयकाः लिपा तसला उलाः स्वःबले सुवर्णमय लड्डु लिकया वडो यत्नपूर्वक तया न्हियान्हिथं पूजा यानातल। उबलेनिसें शिवभट्ट ब्राम्हण असंख्य सम्पतिवान जुयाः सुखी जुल। न्हापा झिखाछेँ चाःहिलाः भिक्षा फ्वना दैनिक जीवन निर्वाह यायेमाःम्ह श्री सिद्धि विनायकया कृपां महाधनी धायेकाच्वन। छन्हुया दिने शिवभट्ट ब्राम्हण थःम्ह स्त्री सती ब्राम्हणीनाप सल्लाह यात- हे स्त्री ! झीसं न्हापाया जन्मय् छुं दान धर्म यानाः मवःगुलिं थुगु जन्मय् आपा दुःखसी माःगु बल्ल श्री सिद्धि विनायकया कृपां परिपूर्ण जुइक सम्पती प्राप्त जुल। आःखुनु सीका दान धर्म यायेमाल धकाः सल्लाह साहुती यानाः निम्हतिपुनं न्हिया न्हिथं गंगा वना म्वःल्हुयाः श्री हरिहरया पूजायानाः सुवर्णादि नानां धन द्रव्य दान बियाः धर्म यानाच्वन। थुगु सत्य धर्मया प्रभावं शिवभट्टया सम्पति झंझं उप्वः दयावल। थ्व स्वयाः झन मन हर्षयानाः छन्हु थःम्ह स्त्रीयात धयादिल– हे स्त्री ! झी सन्तान मदु वृद्धा अवस्था जुल वास्तवय् सम्पति जक दयां छुयाये ? सम्पति रक्षक भविष्य सन्तान छम्हला अति आवश्यक जुल। अथेजूगुलिं सन्तान प्राप्त यायेगु लागी वहे ईश्वर श्री गणेशया सेवा याःवने मज्यूला ? धकाः धाःगु थःम्ह स्वामिया वचन न्यनाः सती ब्राम्हणीं ज्यू झासँ धकाः न्हापाथें च्यान्हुइ छकः मंगलवार पतिं न्हापां दनाः निम्ह तिपु नं श्री सिद्धि गणेश यागु सेवा यानाजुल। थुगु किसिमं निदँ प्यदँ दय् धुंकाः थुमिगु सेवा खना श्री सिद्धि गणेश खुसि जुयाः हे शिवभट्ट ब्राम्हण छिमिसं सेवा याःगु खनाः जि अत्यन्त प्रसन्न जुइधुन छु कामना यानाः सेवा यानागु खः वरदान फ्वं धकाः आज्ञा जुल। श्री सिद्धि गणेशया आज्ञा न्यनाः मन अति हर्षमान यानाः निम्ह तिपु नं ल्हाः निपां जोरे याना इनाप यात- हे प्रभु सिद्धिदाता ! हजुरं कृपायानाः सम्पति प्राप्त जुल, हे प्रभु ! आः व सम्पति रक्षाया निम्तिं सन्तान मदया पीर जुल, हे प्रभु ! आः व सम्पती रक्षाया निम्तिइ सन्तान छम्ह फ्वने, थुलि शिवभट्टया बिन्तिभाव न्यनाः श्री सिद्धि गणेशं आज्ञाजुल हे भक्तजन न्हापाथें तुं मंगलवार खुनु सुथ न्हापां वया थथे हे पूजा यानाः च्वं उगुइलय् छम्ह सा वयाः छिमिगु ख्वाः स्वयाच्वनी वथेंतु छिमिसं नं स्वया च्वं पूजाया लिपा सौखि फाइ, व सौखि बँय् मलावं ल्हातय् फयाः वहे सौ छेँय् यनाः तसलां त्वपुया तयाति लिपा प्यन्हु दय्का उलाः स्व व सासौलय् कन्या छम्ह उत्पति जुइ तर काय्मचा मखु छायधाःसा छं पुर्वजन्मय् पिनातःगु मदु। थुलि आज्ञाजुयाः श्री गणेशजी अन्तरध्यान जुयाः बिज्यात शिवभट्ट सती ब्राम्हणी निम्ह तिपु नं श्री गणेशया आज्ञा न्यनाः मन हर्षमान यानाः छेँय् लिहांवन। अनंलि सदां थें लिपा मंगलवार सुथ न्हापां दनाः माःगु पूजा सामान ज्वना श्री गणेश पूजा यानाच्वन श्री गणेशया आज्ञानुसार छम्ह सा वया पूजायाःगु स्वयाच्वन। शिवभट्टया सा खनेवं श्री गणेशया पूजा धुंकाः प्रणाम यानाच्वन अले सां खिफागु खनेवं बँय् जुइमलावं ल्हाती फयाः श्री सिद्धि विनायक परिक्रमा यानाः छेँय् लिहांवयाः जतनसाथ व सौयात तसला बांलाक त्वपुया तल। जब प्यन्हु दय्काः तसला उलाः स्वःगु बखतय् अत्यन्त हिसिदुम्ह कन्या छम्ह उत्पति जुयाच्वंगु खन गजाम्ह कन्या जन्म जुयाच्वन धाःसा मध्यान्हकालया श्री सूर्ययागु तेजथें तेज दुम्ह। पुन्हीया चन्द्रमाथें म्हुतु वासुकी नागया शरीर थें ल्हाः जुयाच्वंम्ह धुँया जँ थें जुयाच्वंम्ह किसिया स्वँ थें म्ह जुयाः छाँत वंम्ह पलेस्वां थें मिखा जुयाच्वंम्ह गरूडया सँ थें सँ जुयाच्वंम्ह सावित्रिया थें पाल्तः जुयाच्वंम्ह थजःम्ह परम सुन्दरी कन्या खनाः शिवभट्ट व सती ब्राम्हणी निम्ह तिपु नं अत्यन्त खुशी जुयाः तसलाय् च्वंम्ह लिकया वहुत हिफाजत यानाः पालनपोसन यानाच्वन। तर बालखयात दुरु त्वंकेत दुरु मवयाः हानं मंगलवार श्री गणेशया शरणे वनाः पूजा यानाः प्रार्थना यात। थ्व स्वयाः श्री गणेश प्रसन्न जुयाः हे भक्तजनपिं ! छिमित छु माल धा धकाः आज्ञाजुसेंलि निम्ह तिपुनं अति मन हर्षयानाः बिन्तियात- हे प्रभु सिद्धि विनायक ! हजुरया कृपां सन्तान प्राप्त जुल तर व बालखयात त्वंकेत दुरु मवल थुलिहे बिन्तियाय्त वया। हे प्रभु दुरु फ्वने थुलि शिवभट्ट व सती ब्राम्हणीया वचन न्यनाः श्री गणेशं आज्ञा जुल- हे भक्तजनपिं छिमिगु मनकामना सिद्ध जुल। आः छेँय् वनाः दुरु न्ह्यानाः स्व व बालखयात पर्याप्त जुइक दुरु वै धकाः आज्ञा जुयाः श्री गणेश अन्तरध्यान जुयाबिज्यात। अले निम्ह तिपु नं श्री गणेशयात साष्टांग प्रणाम यानाः छेँय् लिहाँवयाः श्री गणेशया आज्ञानुसार दुरु न्ह्याना स्वःबलय् दुरु वःगु खनाः अति खुशी जुयाः बालख प्रति पालन यानाच्वन। गथे सीता उत्पति जुयाः जनकराज गुलि आनन्द जुल, उलि हे शिवभट्ट व सती ब्राम्हणीयात आनन्द जुयाः थःगु गछे अनुसार गुरुपुरोहित सःता ब्यंकल अलय् गुरुपुरोहितपिंसं धाल- हे शिवभट्ट ! सासौ पाखे जन्म जूम्ह थ्व बालखया नां गोमय्जु जुल। थ्व मचा असाध्य भाग्यमानी जुइ, सम्पुर्ण लोकं माने याय्माःम्ह जुइ धकाः गुरु पुरोहितया वचन न्यनाः अति मन हर्षयानाः गुरु पुरोहितपिंत गच्छे अनुसार दक्षिणा बियाः भोजन याकाः बिदा बियाव्छत। अन उप्रान्त गोमय्जु शुक्ल पक्षया चन्द्रमा थें न्हिया न्हिं तःधिकः जुया ५ न्यादँया उमेर जुल। छन्हुया दिनय् शिवभट्ट ब्राम्हणं गोमय्जुयात धयादिल- पुत्री जिपिं म्वःल्हुवने पूजायाय्त छं आख्यः जाकि ल्ययाः च्वं धकाः ज्या वानाः निम्ह तिपु नं गंगा म्वःल्हुवन। थजःगु प्रकारं निम्ह तिपुनं गंगा म्वःल्हुया न्हिया न्हिथं श्री हरिहर पूजा यानाः सुवर्णादि नानां द्रव्य दान यानाः छेँय् वैगु जुयाच्वन। इमिगु व दान धर्मया प्रभाव च्वय् अमरावती भ्वखाय् ब्वयाः लिगलिग सनाः स्थीर मजुल। इन्द्र ग्यानाः तेतिसकोटि देवता सहीत मुनाः कैलाशपति श्री महादेवया शरणय् वनाः इनाप यात- हे जगदिश्वर ! मर्त्यमण्डलया दक्षिण भागय् ब्रम्हपुर धैगु नगर दु। अन शिवभट्ट व सती ब्राम्हणी धाःपिं निम्हतिपु दु। इमिसं हजुरया पुत्र श्री गणेशयागु सेवा यानाः प्रसन्न यानाः असंख्य धन सम्पति दयेकल। सम्पति प्राप्त जुसेंलि न्हियान्हिथं गंगा म्वःल्हुया श्री हरिहर पूजायाना सुवर्णाद्धि नाना द्रव्य दान यानाः छेँय् लिहांवैगु इमिगु दान धर्मया शक्तिं अमरावती स्थीर मजुल हे करूणामय ! व शिवभट्ट ब्राम्हणी सम्पति दय्का सन्तान मदया हानं श्री गणेशया भक्तिभाव यानाः श्री गणेश प्रसन्न जुयाः सम्पूर्ण लक्षणयुक्त जुयाच्वंम्ह महान तेजवती परमसुन्दरी छम्ह पुत्री बियाथकल। हे परव्रम्ह ! जिमित रक्षा यानाः बिज्याउँ। यदि हजुर रक्षा मयात धाःसा जिपिं अमरावती नं पतित जुइमाली। अवश्य जुइमाली थुलि इन्द्रादि देवतापिंगु वचन न्यनाः श्री महादेवं आज्ञाजुल- हे इन्द्र ! ग्याय्मते छिमित जिं रक्षा यानाबी आः छिपिं अमरावती हुँ धकाः श्री महादेवया आज्ञा न्यनाः हवस धकाः श्री महादेवयात साष्टांग प्रणाम यानाः देवराज इन्द्र अमरावती लिहांवन। अनंलिपा श्री महादेव इन्द्रयात रक्षा यायेगु निम्तिइ जटाया मुकुट धरेयाना भिक्षुक रूप जुयाः खःगु ल्हाती त्रिशुल पाछायाः जवःगु ल्हाती डमरू थाना खरानी बुया शिवभट्टया छेँय् भिक्षा फ्वनेत बिज्यात। थुगु इलय् गोमय्जु थः मातापिता नित्य पूजायात आख्यः क्यलाच्वंगु जुयाच्वन। पिने भिक्षा फ्वंगु सः ताया भ्यालं क्वस्वयाः धाल( जिमि मां बा म्वःल्हुवंगु ताउजाल जि आख्यः क्यलाच्वना भिक्षाबीपिं सुं मरु भच्चा आसे धकाः पीकातल। भचा लंकाः आख्यः क्यले सिधय्का भिक्षा ज्वना भिक्षुक रूप श्री महादेवयाथासय् वयाः-हे भिक्षुक ! जिमि मां बा छेँय् मदु। जि आख्यः क्यला च्वनागुलिं भच्चा लिबात। दुःख मन ताय्मते भिक्षा कयादिसँ। भिक्षुक रूप श्री महादेव आज्ञाजुल- हे ब्राम्हणी ! थुगु ई तक पीकातया नकतिनि भिक्षा ब्यूवल। आम भिक्षा मयो, बीगु जूसा छं मा बौया पूजायात ल्ययागु आख्यः जाकि ब्यू। भिक्षुक रूप श्री महादेवया आज्ञा न्यनाः गोमय्जुं धाल कायेगु जूसा थ्व भिक्षा कयाः हुँ आख्यःला बीमखु धाल अलय् श्री महादेवं आज्ञाजुल- हे पापीष्ट ब्राम्हणी ! छं अहंकार याना जितः भिक्षा मबिल छन्त श्राप बी। छ न्हय्दँ दइबलय् न्हय् न्हय्दँ दुम्ह बुढानाप इहिपा जुइमा छिमि मां बौ नं महाकष्ट यानाः सिद्धि गणेशया सेवा यानाः दुगु सम्पति नं नास जुइमा छन्त नं नानां किसिमयागु दुःख जुइमा हानं छिमि मां बौ याकनं सीमा थ्व प्यता छन्त श्राप जुल धकाः भिक्षुक रूप श्री महादेव भिक्षा मकाःसे पिनेवयाः अन्तरध्यान जुयाः कैलाश पर्वत बिज्यात।

**इतिश्री स्वस्थानी धलंया बाखं गोमय्जु जन्म झिंगूगु अध्याय ॥१९॥**

# आफू मरे दुमै राजा



**कवि राम महर्जन**
नगाउँ, कीनपा-१६

सरकार पक्ष समयमै होस गरौं
होस गुमाएर नबसौं उत्तम
यही अवस्था जारी रहे
देश अप्ठ्यारोमा जाकिन के बेर !

हो जनताकै बाहुबलले आएको व्यवस्था
जनताकै दलिय नेताहरु सबै
मिलेर मात्र यो देश बन्छ
नत्र देशवासीले दुःखै पाउँछन्

विश्व जगत हाँसेर बस्लान्
नेपाल र नेपालीको दुर्दशा हेरी

किन होला नेताहरुको मनमा माया
देशप्रति अलिकति पनि नजागेको ?

यही अवस्था यो देशमा
अर्को १० वर्ष चलिरहे
तब देख्ला देशको हालत
खै यतातिर ध्यान गएको ?

दलिय राजनैतिक नेताहरु
समय छँदासम्म यसरी नै
आन्तरिक झैं झगडामा रमाई रहे
देशवासीको विजोग दर्दनाक अवश्य

नभन नेताहरु देश छोडी जान्छु
नमार नेता हो देशको माया
कहिल्यै नसम्झ कसैले पनि
“आफू मरे दुमै राजा”

# थानकोटदेखि भक्तपुर सम्मका नेवाः समुदायको हलिं नेवाः गुथिको अधिवेशन कीर्तिपुरमा



**कीर्तिपर सन्देश साप्ताहिक/**

नेवाः समुदाय भित्र सबै समान रहेको र नेवाः समुदायले पनि आफ्नो भाषा, जाती र संस्कृतिका लागि समानताको मुद्दा उठाउदै अगाडी बढ्नुपर्ने र नेवाः समुदाय आर्थिक रुपमा पनि सक्षम हुनुपर्ने अवधारणा सहित गठन भएको हलिं नेवाः गुथिको पाँचौं अधिवेशन गत फागुन १४ गते कीर्तिपुरमा सम्पन भएको थियो ।

हलिं नेवाः गुथि कीर्तिपुर शाखाको आयोजनामा भएको सो अधिवेशनमा भक्तपुरदेखि थानकोट सम्म रहेको हलिं नेवाः गुथिका करिव दुई दर्जन शाखाका प्रतितिधिहरु सहभागी भएको थियो । नेवाः भाषा, साहित्य, संस्कृति, कला र नेवाः समुदायको लागि विश्व भरीका नेवाः समुदाय एकजुट हुनुपर्ने कुरा राख्दै आएको हलिं नेवाः गुथि एउटा यस्तो संस्था हो जस्को प्रत्येक बर्ष अधिवेशन हुने र प्रत्येक बर्ष चीर उठाउने अर्थात होली सुरु भएको संकेत दिन बसन्तपुरमा चीर राख्ने दिनमा नै फरक फरक नेवाः वस्तीमा अधिवेशन गर्दै आएको छ । यसै क्रममा यस पटक कीर्तिपुरमा गरेको थियो ।

बाघभैरव मन्दिरमा विशेष पुजा पछि क्वाःकेबमा रहेको सामुदायीक भवनमा अधिवेशन भएको थियो । हलिं नेवाः गुथिका केन्द्रीय अध्यक्ष शान्तप्रकाश श्रेष्ठको सभापतित्वमा नेवाः देय् दबूका अध्यक्ष नरेश ताम्राकारको प्रमुख आतिथ्यमा सो कार्यक्रम भएको हो । श्रीकृष्ण महर्जनले संचालन गर्नु भएको सो कार्यक्रममा हलिं नेवाः गुथि कीर्तिपुर शाखाका अध्यक्ष भरतबहादुर महर्जनले स्वागत मन्तव्य राख्नु भएको थियो भने कीर्तिपुर शाखाकै टिकाराम महर्जनले धन्यवाद ज्ञापन दिनु भएको थियो ।

कार्यक्रममा हलिं नेवाः गुथिको आयोजनामा भएको हाजिर जवाफ प्रतियोगितामा सहभागी र विजेताहरुलाई प्रमाणपत्र एवं पुरस्कार वितरण गरेको थियो ।

त्यसै गरि प्रमुख अतिथि नरेश ताम्राकारले हलिमय् थ्वःगु सः नामक कविता संग्रह समेत विमोचन गर्नु भएको थियो । त्यसै गरि गुथिका सदस्य बुद्धिलाल महर्जनका नातीको नाम

## ध्रुव तारा हेर्ने टेलिस्कोप कीर्तिपुरमा राख्ने घोषणा

## कथा संग्रहदेखि बच्चाको नाम राख्ने सम्मको एउटै दबुलिमा

नेपालभाषामा राख्नका लागि सितु नाम छनौट गरि सो नाम राख्न प्रस्ताव गर्नेहरुलाई समेत पुरस्कार स्वरुप नगद दिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नेवाः देय् दबूका अध्यक्ष नरेश ताम्राकारले अब नेवाः समुदाय नेवाः स्वायत्त राज्य प्राप्तिको आन्दोलनमा लाग्नुपर्ने बताउनु भएको थियो । त्यसै गरि हलिं नेवाः गुथि ज्योतिश समुहको तर्फबाट कीर्तिपुरको उमामहेश्वर क्वाच्व क्षेत्रमा आकाश रहेको ध्रुब तारा हेर्ने टेलिस्कोप राख्ने समते घोषणा गरेको थियो ।

सो अधिवेशनले शान्तप्रकाश श्रेष्ठको नेतृत्वमा नयाँ कार्य समिति समेत गठन गरेको थियो ।

अधिवेशन पश्चात अधिवेशनमा सहभागीहरु सबैजना नेवाः परम्परा अनुसारको भोजमा सहभागी भएको थियो । हलिं नेवाः गुथिका सदस्यहरु मध्ये कार्यक्रममा सहभागी सबै भन्दा जेष्ठ कीर्तिपुरका मीनबहादुर महर्जनलाई थकाली बनाई भोज खाएको थियो ।

# ३० दलीय गठबन्धनको आन्दोलन किन ?

यथास्थिति र प्रतिगमनको विरुद्ध संङ्घर्ष गरौं,

पहिचान र अधिकार सहितको सङ्घीय संविधान निर्माण गरौं ।

तीस दलीय गठबन्धनले भण्डाफोर तथा खबरदारी अभियान किन ? भन्ने पर्चा बजारमा वितरण गरी जनतालाई सचेत बनाउने प्रयास गरिरहेका छन । उक्त पर्चामा भनिएको छ ।

– नेपाली जनताले २०६२/०६३ सालको जनक्रान्ति, १० वर्षे जनयुद्ध, मधेस विद्रोह, आदिवासी जनजातिको सङ्घर्ष लगायतका आन्दोलनबाट प्राप्त गरेका उपलब्धिहरुको रक्षा गर्न ।

– सङ्घीयता, गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक प्रतिनिधित्व, समावेशी लोकतन्त्र लगायतका आन्दोलनका उपलब्धिहरु संस्थागत गराउन ।

– विगतमा भएको सम्झौता र समझदारीहरुलाई लत्याएर बहुमतीय प्रक्रियाबाट यथास्थितिबादी संविधान निर्माण गर्ने षड्यन्त्रको भण्डाफोर गर्न ।

–अन्तरिम संविधानको धारा १३८, १ (क) अनुरुप राज्यको पुनर्संरचना गरी पहिचान सहितको सङ्घीय संविधान जारी गराउन ।

– उत्पीडित राष्ट्रियता, वर्ग, क्षेत्र र लिङ्गका मागहरु पुरा गराउन ।

– संविधान सभाबाटै सहमतिका आधारमा अग्रगामी संविधान जारी गराउन ।

– समानुपातिक निर्वाचन प्रणाली लागू गराउन तथा श्रमिक र विपन्न वर्गको समेत प्रतिनिधित्व सुनिश्चित गराउन ।

– सङ्घीय न्यायपालिका सुनिश्चित गराउन । –धर्म निरपेक्षता कार्यान्वयन गराउन ।

– जातीय छुवाछुत मुक्त राष्ट्रको घोषणा लागु गराउन । –वैज्ञानिक भूमिसुधार लागू गराउन ।

–आमाको नाममा बंशजको नागरिकता सुनिश्चित गराउन ।

–सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानविन आयोग गठन गराउन ।

–आदिवासी जनजाति, मधेसी, दलित, खस, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदाय लगायतका जनताको अधिकार सुनिश्चित गराउन ।

– देशमा व्याप्त महङ्गी, भ्रष्टाचार र काला बजारीबाट जनतालाई मुक्त गराउन ।

– दिनको १२ घण्टाभन्दा बढी लोडसेडिङको मार खेप्नु परेका जनतालाई राहत दिलाउन ।

– खाना पकाउने एल.पि. ग्यासको आपूर्तिमा भइरहेको कमिशनखोरहरुको नियन्त्रणबाट जनतालाई मुक्त गराउन तथा डिजेल र पेट्रोलको भाउ घटेको परिप्रेक्षमा सार्वजनिक यातायातको भाँडा घटाउन

अहिले संविधान सभा काङ्ग्रेस-एमाले-राप्रपा जस्ता यथास्थितिवादी र प्रतिक्रान्तिकारीहरुको हतियार बन्ने सम्भावना बढेको छ । १२ बुँदे समझदारी, विस्तृत शान्ति समझौता, अन्तरिम संविधान, मधेस विद्रोह, आदिवासी जनजातिसँगको सम्झौता लगायतका आन्दोलनबाट प्राप्त गरेका उपलब्धिहरु गुम्ने खतरा उत्पन्न भएको छ । त्यसैले जनताले क्रान्ति र जनआन्दोलनका बलबाट प्राप्त गरेका ऐतिहासिक उपलब्धिहरु आन्दोलनकै बलमा संस्थागत गर्न हामी सडकमा उत्रन बाध्य भएका छौं ।

**३० दलीय गठबन्धको अपिलबाट**




# होइन त ?

**निरजमान सिंह**



**देगु द्यः चौर सफाई :** जसिं गाः जरं हिति कीर्तिपुर नगरपालिका वडा नं. ३ को त्वाःनाय् खलः र तःजः खलःले संयुक्त रुपमा देगु द्यःख्यः अर्थात कूल देवता रहेको चौर सफा गर्दै ।
फोटो रामभक्त महर्जन (मिलन स्टुडियो )

श्री श्री श्री

# Opening soon

# श्री सहकार्य हार्डवयेर हाउस

**कहाँ ?**

## कीर्तिपुर बहुउद्देश्यीय सहकारीको पुरानो भवन

## विद्युत प्राधिकरण अगाडी, वाहिरिगाउ, कीर्तिपुर–१७

सम्पर्कः ४-३३५५५९१, ९८०८-८८४४८३, ९८४१-४०३१७१, ९८४३-५२१२७७, ९८४१-४८५३६४

## श्री श्री सहकार्य हार्डवयेर हाउस नै किन ?

- श्री श्री सहकार्य हार्डवयेर हाउस प्रा. लि. सहकारी भावना अनुरुप खोलिएको संस्था भएकाले ।
- यस संस्थामा उपलब्ध हार्डवयेर सामाग्रीहरु होलसेल मुल्यमा पाईने भएकाले ।
- रङ्गरोगनका सामाग्रीहरु सुपथ मुल्यमा पाईने भएकाले ।
- फिटिङ्सका सामानहरु पाईने भएकाले ।
- ट्वाईलेट तथा बाथरुमका सम्पूर्ण सामाग्रीहरु पाईने भएकाले ।
- टिक तथा प्लाईउड र काठ सम्बन्धि कामकाजको लागि चाहिने सम्पूर्ण सामाग्री पाईने भएकाले
- विभिन्न प्रकारका टाईलहरु, फलामको एङ्गलहरु तथा अन्य हार्डवयेर सामाग्रीहरु एकै ठाउँमा पाईने भएकाले ।
- घर निर्माण गर्न लाग्नुभएका सदस्यहरुलाई निर्माण सम्बन्धि नि:शुल्क परामर्श दिईने भएकाले ।
- **Interior Designing** सम्बन्धि सदस्यहरुलाई नि:शुल्क परामर्श दिईनुका साथै आवश्यक दक्ष प्राविधिकको पनि व्यवस्था गरिने भएकोले ।

यस संस्थाबाट उपलब्ध गराउने सम्पूर्ण हार्डवयेर सामाग्रीहरुहोलसेल मुल्यमा ग्राहक वर्गलाई उपलब्ध गराउनु र ग्राहक सन्तुष्टि नै हाम्रो उद्देश्य हो । कृपया एकचोटि यस संस्थामा पाल्नुभई यथास्थिति जानकारी लिनुहुन विनम्र अनुरोध गर्दछौं । साथै विभिन्न वर्गका टेक्निसियन (प्लम्बर, पेन्टर, सिकर्मि, दकर्मि, ठेकेदार.....आदि) तथा दाजुभाईलाई शेयर सदस्य बन्नको लागि हार्दिक आह्वान गर्दछ ।

**हाम्रा सेवाहरुः**

श्री श्री श्री

asianpaints

Mangalam
FLOWLIFE
CPVC
PIPES & FITTINGS
A Joint Venture with SFMC India.

फुट्दैन... फुट्दै फुट्दैन

